म.जि.प्र.का दर्ता न:
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१७ अङ्क:- १०४ २०८२ फागुन २३ गते शनिबार 7 March 2026, Saturday - पृष्ठ ४ मूल्य रू. ५/-

## रुकुम पूर्वबाट पूर्वप्रधानमन्त्री दाहाल विजयी

हेटौँडा : रुकुम पूर्वबाट पूर्वप्रधानमन्त्री नेकपा संयोजक पुष्पकमल दाहाल विजयी भएका छन् । दाहाल १० हजार २ सय ४० मतसहित विजयी भएका हुन् । दाहाल लगातार पाँचौंपल्ट प्रतिनिधिसभा सदस्यमा विजयी भएका हुन् । दाहालका निकटतम् प्रतिस्पर्धी एमालेका लीलामणि गौतमले ३ हजार ४ सय ६२ मत पाए । त्यस्तै कांग्रेस उम्मेदवार कुसुम थापाले ३ हजार ८१ मत पाउँदा रास्वपाका लखनकुमार थापाले ८१९ मत ल्याए । त्यस्तै प्रलोपाका सन्दीप पुनले २०३ मत ल्याए । पहिलो संविधानसभा निर्वाचनमा उनी काठमाडौं १० र रोल्पा २ बाट निर्वाचित भएका थिए । संविधान सभाको दोस्रो निर्वाचन, २०७० मा सिरहा क्षेत्र नं. ५ बाट निर्वाचित र काठमाडौं १० बाट पराजित भएका थिए । २०७४ मंसिर २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा चितवन क्षेत्र नं. ३ बाट निर्वाचित भएका थिए ।

### प्रतिनिधिसभा सदस्य निर्वाचन-२०८२

# मकवानपुरको दुबै क्षेत्रमा रास्वपा अगाडि

समाज संवाददाता

हेटौँडा : बिहिबार सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा मकवानपुरको दुबै क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवारले अग्रता लिएका छन् । शुक्रबार दिउँसो साढे १२ बजेबाट सुरु भएको मतगणनाअन्तर्गत राती ११ बजेसम्म गणना भएको मतअनुसार दुबै क्षेत्रमा रास्वपाका उम्मेद्वारहरु अगाडि रहेका छन् ।

मकवानपुर क्षेत्र नम्बर-१ मा रास्वपाका उम्मेद्वार प्रकाश गौतमलाई ५ गुणा बढी मतको अग्रता मिलेको छ । गणना गरिएको हेटौँडा उपमहानगरपालिका-२, ४, ५ र ६ नम्बर वडाको मतमध्ये गौतमले १० हजार मत कटाएका छन् । गौतमले १० हजार ७९१ मत ल्याउँदा उनलाई कांग्रेसकी महालक्ष्मी उपाध्याय डिनाले पछ्याइरहेकी थिइन् । डिनाले २ हजार २१३ मत पाएकी छिन् । रास्वपाका गौतमले सुरुवातदेखि नै लिएको अग्रता निरन्तर बढ्दै गएको छ । डिनाको गृह वडामा नै रास्वपाले १ हजार ८०० बढी मत लिएर अग्रता बनाएको थियो । हेटौंडा उपमहानगरपालिका वडा नम्बर-२ मा रास्वपाका गौतमले १ हजार ८०० मत ल्याउँदा डिना ६०० मा सीमित भएकी थिइन् । एमाले र कांग्रेसको गढको रुपमा परिचित हेटौंडा बजार क्षेत्रमा नै दुवै दल पछि परेका छन् ।

मकवानपुर-१ मा उम्मेदवार रहेका एमालेका रामेश्वर रानाले हालसम्मको मतगणनामा १ हजार ९२७ मत पाएका छन् भने नेकपाका उम्मेदवार विजय गौतमले ६६० मत पाएका छन् । २०७९ को निर्वाचनमा सोही क्षेत्रमा जितेका राप्रपाका दीपक बहादुर सिंह पनि पछि परेका छन् । उनी चौथो स्थानमा सीमित रहेका छन् । उनले १ हजार ५१० मत पाएका छन् ।

यस्तै प्रतिनिधिसभा निर्वाचन अन्तर्गत मकवानपुर क्षेत्र नम्बर-२ मा रास्वपाका उम्मेदवार प्रशान्त उप्रेतीले दोब्बर मतको अग्रता बनाएका छन् । सुरुवाती चरणबाटै अग्रस्थानमा रहेका उप्रेतीले अग्रता दोब्बर कायम राखेका हुन् । हालसम्म गणना भएको मकवानपुर-२ को मनहरी गाउँपालिकाकाको २ देखि ९ सम्म (८ वटा वडाको) १५ हजार ४६४ मत गणनामा गर्दा रास्वपाका उप्रेतीले ६ हजार १९ मत पाएका छन् भने उनलाई कांग्रेस उम्मेद्वार बुद्ध लामाले निरन्तर पछ्याइरहेका छन् । लामाले २ हजार ८७४ मत ल्याउँदा एमाले उम्मेदवार महेश बर्तौलाले २ हजार ४०९ मत पाएका छन् । नेकपाका उम्मेदवार लवशेर विष्टले १ हजार ४२७ मत पाएका छन् । मनहरी गाउँपालिका विशेषगरी एमाले र कांग्रेसको पकड क्षेत्र मानिन्छ । यद्यपी रास्वपा उम्मेदवार उप्रेती पनि मनहरीका स्थानीय हुन् । उनी मनहरी गाउँपालिका वडा नम्बर-७ का मतदाता हुन् ।

# रास्वपालाई अकल्पनीय जनमत

समाज संवाददाता

हेटौँडा : गत भदौ २३ र २४ गतेको जेन जी आन्दोलनपछि वैकल्पिक शक्तिको रुपमा प्रस्तुत भएको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले बिहिबार सम्पन्न निर्वाचनबाट अकल्पनीय जनमत प्राप्त गरेको छ । बिहिबार रातीदेखि नै देशका विभिन्न स्थानमा सुरु भएको मतगणनाअनुसार शुक्रबार बिहानैदेखि रास्वपाले देशभर मतपरिणाममा अग्रता लिएको थियो । झापा-५ मा चार पटक प्रधानमन्त्री भएका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई पराजित गर्दै रास्वपा वरिष्ठ नेता बालेन्द्र साह (बालेन) निर्वाचित हुने निश्चित बनेको छ ।

बिहिबार राती ११ बजेसम्म देशभर १ सय ६१ निर्वाचन क्षेत्रको मतगणना गर्दा रास्वपाले ४ स्थानमा विजयी हुनुका साथै १ सय १० स्थानमा अग्रता लिएको छ । यस्तै नेपाली काँग्रेसले ३ स्थानमा जीत हासिल गर्दा १० स्थानमा अग्रता कायम गरेको छ । नेकपा एमालेले १५ स्थानमा अग्रता बनाउँदा एउटा पनि जीत दर्ता गर्न सकेको छैन भने नेपाली कम्युनिष्ट पार्टी (नेकपा) ले एक स्थानमा जीत हासिल गर्दा ९ वटा क्षेत्रमा अग्रता बनाएको छ । यस्तै हर्क साङपाङ नेतृत्वको श्रम संस्कृति पार्टीले ६ स्थानमा अग्रता कायम गर्दा राप्रपा र प्रलोपाले १/१ स्थानमा अग्रता कायम गरेको छ । यस्तै स्वतन्त्र उम्मेदवार महावीर पुनले पनि अग्रता बनाएका छन् ।

रास्वपाकी उम्मेदवार रञ्जु न्यौपाने (दर्शना) १५ हजार ४५५ मतसहित काठमाडौं-१ बाट विजयी भएकी छन् । ६ हजार ३६४ मतसहित नेपाली कांग्रेसका प्रवल थापा निकटतम प्रतिद्वन्द्वी मात्रै रहे । अघिल्ला दुई निर्वाचनमा जित झिनो मतान्तरले पराजित हुँदै आएका राप्रपाका रवीन्द्र मिश्रले ३ हजार ९७२ मत मात्रै प्राप्त गरे । यस्तै एमालेका मोहनराज रेग्मीले एक हजार ६१८ मत, नेपाली कम्युनिस्ट पार्टीकी मेनुका भण्डारीले ३४५ मत, श्रम संस्कृति पार्टीका समीर लामा तामाङले ४२६ मत पाएका छन् ।

काठमाडौं-३ बाट रास्वपाका राजुनाथ पाण्डे निर्वाचित भएका छन् । उनले १८ हजार ७५७ मत ल्याए । उनका निकटतम प्रतिद्वन्द्वी उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले ११ हजार १७१ मत ल्याए । कांग्रेसका उम्मेदवार रमेश अर्यालले ६ हजार मत ल्याउँदा नेकपा एमालेका उम्मेदवार रामेश्वर फुयालले ३८१६ मत ल्याए । त्यस्तै नेकपाका उम्मेदवार निरज लामाले ५१८ मत मात्रै ल्याए ।

काठमाडौं क्षेत्र नम्बर ६ मा रास्वपा उम्मेदवार शिशिर खनाल विजयी भएका छन् । खनाल २७ हजार ७११ मत सहित प्रतिनिधि सभामा निर्वाचित भएका हुन् । नेपाली कांग्रेसका कृष्ण बानियाँ क्षेत्रीले ६ हजार ६४७ मत पाएका छन् । नेकपा एमालेका उम्मेदवार अमनकुमार मास्केले ४ हजार ३७३ मत पाउँदा राप्रपाका उद्धवराज भेटुवालले २९० मत पाएका छन् । नेपाली कम्युनिस्ट पार्टीका हेमलाल शर्मा (हिमाल शर्मा) २३१ मतमा सीमित भएका छन् । यस्तै काठमाडौं क्षेत्र नम्बर ८ मा रास्वपाका विराजभक्त श्रेष्ठ निर्वाचित भएका छन् । उनी २४ हजार ५९२ मतका साथ विजयी भएका हुन् । उनका निकटतम प्रतिस्पर्धी नेपाली कम्युनिस्ट पार्टीका उम्मेदवार सुमन सायमीले ३ हजार २१७ मत पाएका छन् । यसैगरी नेपाली कांग्रेसकी सपना राजभण्डारीले २ हजार ८३५ र नेकपा एमालेका राजेश शाक्यले १ हजार ९०९ मत पाएका छन् ।

रसुवामा नेपाली काँग्रेसका उम्मेदवार मोहन आचार्य निर्वाचित भएका छन् । १० हजार ६सय ५६ मत प्राप्त गरी आचार्य निर्वाचित भएका छन् । उनले मतगणनाको सुरुदेखि अग्रता कायम गरेका थिए । उनको यो तेस्रो जित हो । उनी रसुवा जिल्लाबाट २०७४ र २०७९ मा प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका हुन् । उनका निकटतम प्रतिस्पर्धी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वसन्त भट्टले ५ हजार ५ सय ७१ मत प्राप्त गरे । रसुवामा ६०.६१ प्रतिशत अर्थात् २५ हजार १ सय ३६ मत खसेको थियो । जिल्ला निर्वाचन कार्यालय रसुवाका अनुसार एक मात्र निर्वाचन क्षेत्र रहेको रसुवामा २५ हजार १ सय ३६ जनाले मतदान गरेका थिए । रसुवा जिल्लामा कुल मतदाता ४१ हजार ४ सय ७१ जना रहेका छन् ।

# पारदर्शिता र उद्योगको विकास अबको एजेण्डा हुनुपर्छ

समाज संवाददाता

हेटौँडाः प्रतिनिधिसभा सदस्य निर्वाचन २०८२ को मतदान सम्पन्न भएर मतगणना चलिरहेको छ । देशका विभिन्न निर्वाचन क्षेत्रको मतगणना सम्पन्न भएर नतिजा सार्वजनिक हुने क्रमसमेत जारी रहेको छ । पछिल्ला नतिजामा नयाँ विकल्पको रुपमा आफूलाई जनतामाझ प्रस्तुत गरेको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)को उम्मेदवारहरुले अधिकांश निर्वाचन क्षेत्रहरुमा अग्रता लिएको देखिन्छ । मतगणना सम्पन्न भएका धेरै स्थानमा रास्वपाका उम्मेदवारहरु विजयीसमेत भइसकेका छन् ।

यसअघि आफूलाई अब्बल र बलियो जनमत भएको भनिएका स्थापित दलहरुलाई पानीसमेत भन्न नपाउने स्थिति बनेको छ । मतगणनामा देशव्यापी अग्रता कायम गरिरहेको राष्ट्रिय स्वतन्त्र पार्टीको बहुमत निश्चितजस्तै देखिन्छ । यसरी नेपालको शक्ति सञ्चयको अवस्था पूरै उल्टिनुको कारणमा विभिन्न व्यक्तित्वहरुले जनताको परिवर्तनको तिव्र चाहना भएको बताएका छन् ।

हेटौँडा-६ स्थित वंशगोपालम माविका पूर्वप्रधानाध्यापक रमेशप्रसाद लामिछानेले जेनजी आन्दोलनको कारण विशेष परिवेशमा निर्वाचन भएकोले फरक नतिजा अनुमान गरिएको बताउनुहुन्छ । नेपालको इतिहासमा सबैभन्दा बढी र गम्भीर क्षति ब्यहोरेको आन्दोलन भएको विश्लेषण गर्दै लामिछानेले जनताले राम्रा व्यक्तिलाई छान्ने भन्दा पनि पुराना स्थापित राष्ट्रिय दलहरु खराब भएका कारण तत्काललाई विकल्प खोजेको उहाँको भनाइ छ । जनताको रोजाईमा परेको दलको कार्यशैलीहरु हेर्न बाँकी रहेको र सकारात्मक हुनेमा उहाँको अपेक्षा छ ।

सुशासन र भ्रष्टाचार न्यूनीकरण नयाँ दलको मुख्य एजेण्डा भएका कारण यसैलाई मुख्य नीति तथा योजना बनाएर कार्यान्वयन गर्न सकेमात्र राष्ट्रिय स्वतन्त्र पार्टीको जनमत टिक्ने उहाँको भनाइ छ । जितको उन्मादमा आउने, भ्रष्टाचार न्यूनीकरण गर्न अग्रसर नहुने, जनताको अपेक्षाअनुसार शिक्षा, स्वास्थ्य, बेरोजगारी समस्या समाधान नभए नयाँ शक्तिकेन्द्रको पनि पुरानैको हविगत हुनसक्ने उहाँको आँकलन छ ।

अबको नेपाल ५० कटेका प्रौढको विचारले मात्र नबन्ने भन्दै ३० देखि ४० वर्ष उमेरका युवाहरुको नयाँ विचार र कार्यक्रमले नेपालमा परिवर्तन सम्भव भएको लामिछानेको विचार छ । हालको नेपालको शिक्षा प्रणाली त्रुटीपूर्ण भएकोले शिक्षा प्रणाली नै फेर्न निर्वाचित सरकारलाई यहाँले सुझाव दिनुभएको छ ।

शिक्षालाई नयाँ प्रणालीमा परिणत गर्न सके पढ्नकै लागि विदेश जाने विद्यार्थीको संख्या घटाउन सकिने उहाँ बताउनुहुन्छ । हाल विदेशिएका विद्यार्थी भिसाको अर्बौ रकम जोगिने भन्दै हाल बन्द उद्योग खुलाउन पहल गर्ने, बाँझो जग्गामा कृषि उत्पादनलाई प्राथमिकता दिने काम गरे नेपाल विकासको बाटोमा जाने उहाँको बुझाइ छ । यस्तै, पुराना पराजित दलहरुले पनि किन पराजय भोग्नुपर्‍यो भन्ने विषयमा समीक्षा गरेर आफूलाई परिवर्तन गर्नुपर्ने उहाँको सुझाव छ ।

मकवानपुर उद्योग वाणिज्य संघका अध्यक्ष प्रमोद सिंह रानाभाट जनतामा दलीय व्यवस्थाप्रति वितृष्णा बढ्दै गएपछि पुराना दलप्रतिको अविश्वासको प्रस्तावको रुपमा यो निर्वाचन परिणामलाई तुलना गर्नुहुन्छ । अब निर्वाचित सरकारले उत्पादनमा आधारित नयाँ उद्योग खोल्ने, कृषकहरुलाई मल तथा उपकरणको सुलभ र सहज उपलब्धता तथा भौगोलिकरुपमा फरक-फरक उत्पादनलाई जोड दिई उत्पादनका कार्यक्रम सञ्चालन गर्नुपर्ने उहाँको भनाइ छ ।

यसअघि उद्योगको लागि आवश्यक कच्चापदार्थमा महँगो भन्सारका कारण उद्यमीहरु मारमा परेकोले यसलाई नवनिर्वाचित सरकारले समाधानतर्फ उन्मुख गराउनुपर्ने अपेक्षा रानाभाटले व्यक्त गर्नुभएको छ । यस्तै, राज्य सञ्चालनका सबै अंगहरुलाई पारदर्शी स्वरुपमा ढाल्नुपर्नेमा उहाँले जोड दिनुभएको छ ।

वरिष्ठ अधिवक्ता केशवप्रसाद काफ्लेले पनि यस निर्वाचन परिणामले पुराना दलका क्रियाशील सदस्यहरुका परिवारले पनि उनीहरुलाई मतदान गर्न नचाहेको देखिएको बताउनुभयो । यी पुराना दलका सदस्यहरु नै चुनावी कार्यक्रममा सहभागी हुँदाहुदै पनि मत भने राष्ट्रिय स्वतन्त्र पार्टीलाई दिएको जस्तो देखिएको उहाँको विश्लेषण छ ।

पुराना सरकारका धाँधली, घोटालालगायतका करतुतबाट आजित जनताले परिवर्तन चाहेको उहाँको बुझाइ छ । पुराना कम्युनिष्ट तथा कांग्रेसजस्ता दलहरुले भावी सन्तानका लागि सोचेजति विकास गर्न नसकेको कारण नयाँ दलमा सम्भावना खोजेको देखिएको उहाँले बताउनुभयो । जित पछि पनि नयाँ दलका लागि युवाहरुको बेरोजगारी समस्या समाधान, आर्थिक विकासका लागि विशेष कार्यक्रमको कार्यान्वयन, स्थायी सरकार र विदेशिएकालाई स्वदेश फर्काइ उचित रोजगारको व्यवस्था गर्नका लागि औद्योगिक

...बाँकी पृष्ठ ४ मा




# ऐँठनले पारेको ऐँठन

## (पुस्तक समीक्षा)



✍रूपा दुङ्गेल




विवेक ओझाद्वारा लिखित 'ऐँठन' उपन्यास वि.सं. २०७९ सालमा मदन पुरस्कार पाउन सफल उपन्यास हो । ऐँठन हरेक सशस्त्र युद्ध, युद्धजन्य हातहतियार र स्वयम् योद्धाहरूकै विपक्षमा लेखिएको सशक्त शब्दास्त्र हो ।

कथामा युद्धको त्रासदी भोगेको बबनकुमार उर्फ वीरध्वज केन्द्रीय पात्रको बनाइएको छ । दाङको एउटा स्कुलमा पढाउने मास्टर ऊ, बेलुकाको खाना खाइसकेपछि तत्कालिन सत्ता पक्ष र विद्रोहीको युद्धमा श्रीमती गुमाउन पुग्छ । गोली लागेको छोराको सास चल्दा चल्दै माटोमुनि पुरिन्छ । आफू विद्रोहीहरूको बन्धक बन्न पुग्छ । तिनीहरूबाट अवर्णनीय यातना र अपमान झेल्छ । अछामको मङ्गलसेन आक्रमणपछि तिनीहरूबाट मुक्त भएर घर फर्कने क्रममा खानतलासी हुँदा शङ्का उत्पन्न हुन गई सेनाको नियन्त्रणमा पर्छ । सेनाबाट पनि नारकीय यातना भोग्छ । अन्ततः भागेर अद्भुत बस्तीमा पुग्छ ।

उपन्यासमा माछाले टेबुल चढ्नु, मरेको छोरासँग टेलिफोनमा संवाद हुन, रक्ताम्मे हिउँ पर्नु, रगतको खोला बग्नु, पुरै गाउँमा अपाङ्गता भएको मान्छे हुनु, सबै पूर्व जनमुक्ति सेनाहरू बिर्सिने रोगबाट ग्रसित हुनु, मान्छेका मासुका परिकार बकाइदा होटेलमा बेचिनु, सामान्य भौतिक जीवनभन्दा परका कुराहरू हुन् । यस्ता कुराहरूले युद्धपश्चात्का अवस्थालाई कठोर व्यङ्ग्य गरिएको कुरा बुझ्न गारो थिएन ।

सामान्यतया युद्ध एउटा उद्देश्यका लागि लडिन्छ तर यहाँ क्रान्तिपछि विद्रोहीहरूको आफ्नो पार्टीको सरकार बन्नुबाहेक अर्को उपलब्धि देखिन्न । दुई छाक खानसमेत नपुगेर फट्याङ्ग्रा खोजेर खानुपर्ने हालतमा भएका मानिसहरू कमरेडका लागि पजेरो कार किनिदिन्छन् । आफूले बुर्जुवा शिक्षा भनेर लत्याइएको बुर्जुवा शिक्षा आफ्नी छोरीलाई दिलाउन मरिहत्ते गर्छन् । यति हुँदा पनि आफ्ना कमरेडका बारेमा नराम्रो भनेको सुने टिभीनै फुटाउँछन् । यो भन्दा निर्मम मजाक कथित् जनयुद्धका लागि अरू के हुन सक्छ र ?

उपन्यासमा पात्र र स्थान चयन पनि अर्थपूर्ण छ । युद्धसँग केही लेना-देना नभएका थुप्रै शिक्षकहरू चन्दा असुली, शरीर बन्धक, अङ्ग-भङ्ग वा ज्यानै जाने खालका घटनाबाट गुज्रेका थिए । बबनकुमार जस्ता युद्धसँग असम्बन्धित पक्षले झेलेको सन्तापको कुरा हिसाब हुनै सक्दैन । उपन्यासमा युद्धसँग सम्बन्धित मुख्य मुख्य घटनाहरू दाङ, सल्यान, सुर्खेत, अछाम हुँदै बाँकेसम्म घटेका देखिन्छन् । यी ठाउँहरु खासगरी मध्यपश्चिमका द्वन्द्वले ग्रसित र विद्रोहबाट निकै प्रभावित ठाउँहरू हुन् ।

आमाबाकै अगाडि खाल्डो खन्न लगाएर निर्दोष जवान छोरालाई जिउँदै पुर्नु, गोली हानेर मारेको मान्छेलाई पनि टुक्रा-टुक्रा पार्नु, युवतीलाई सामूहिक बलात्कार गर्नु, खुकुरीले शरीर चिराचिरा पारेर खुर्सानी दल्नु, आमाका सामुन्ने छोरी बलात्कार गर्नु, नियन्त्रणमा लिएर बाँधिएका मानिसलाई भिरबाट खसाल्नु यस्ता कयौं राक्षसी प्रयासहरू भएका छन् कथामा । तत्कालिन विद्रोही र सत्ता पक्ष दुबैबाट यस्ता प्रयासहरू भएका छन् जसको दोहोरो मारमा नेपाली जनता परेका थिए । यस्ता यावत् विषयवस्तुलाई सतहमा ल्याइदिएको उपन्यास हो ऐँठन ।

निष्कर्षमा भन्नुपर्दा सशस्त्र द्वन्द्वकालका अवस्थाले दोहोरो मारमा परेको नेपाली जनताको अवस्था देखाइएको ऐँठन एक सशक्त उपन्यास हो । जहाँ विषयवस्तु, पात्र, परिवेश, भाषाशैली लगायत सम्पूर्ण र द्वन्द्वकालीन अवस्था बुझ्न पढ्नै पर्ने उपन्यास हो ऐँठन ।

*(दुङ्गेल हेटौँडा-४ स्थित नवोदय शिशु सदनकी शिक्षक हुनुहुन्छ ।)*

# आगो लागेको घर



✍श्यामप्रसाद श्रेष्ठ

## लघुकथा

'ए राघव ! सहरबाट कहिले आयौ ?' बाटोमै भेटेर बिनायकले सोध्यो ।

'म त हिजै आएको', राघवले हाँस्दै उत्तर दियो ।

'ल, राम्रो गरिस् । चुनावमा भोट खसाल्न आएको होला हैन ?'

'हो नि !' राघवले गर्वका साथ भन्यो ।

विनायक झन् उत्साहित हुँदै सोधे, 'ए राघव ! भन त कुन पार्टी राम्रो छ ? म पनि भोट हाल्न जाँदैछु ।'

राघवले एकछिन चारैतिर नजर दौडायो, अनि बिस्तारै भन्यो, 'मलाई त सबैभन्दा राम्रो पार्टी भनेकै पुरानै लाग्छ ।'

'किन र ? त्यो नयाँ पार्टीले त सुशासन ल्याउँछ भन्छन् नि !', विनायकले जिज्ञासा राख्यो ।

राघवले हल्का मुस्कुराउँदै भने, 'सुन ! त्यहि भएर त मलाई मन नपरेको । त्यो नयाँ पार्टी भनेको त सुशासनको कठघरा हो । त्यहाँ नियम, अनुशासन र जवाफदेहिता चाहिन्छ । तर हामी त वर्षौंदेखि कुशासनको स्वच्छन्दतामा रमाउन बानी परेका मान्छे हौँ ।'

उसले विनायकको काँधमा हात राख्दै कुरा थप्यो, 'त्यसैले हामीलाई त कुशासनको स्वाद नै मिठो लाग्छ ।'

## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**



**सम्पादक**

# चित्रकला





सासा श्रेष्ठ
कक्षा-१, नवोदय शिशु सदन
हेटौंडा-४




समृद्धि श्रेष्ठ
कक्षा-४, ब्रहृमदिक् एकेडेमी
हेटौंडा-४





स्वप्निल गिरी
कक्षा-४, नवोदय शिशु सदन, हेटौंडा-४





कुशल थापा
कक्षा-११, प्रगति मावि, हेटौंडा-९





सृष्टि श्रेष्ठ
कक्षा-१, लिटिल बडी स्कूल, हेटौंडा-४





सुयोग श्रेष्ठ
कक्षा-६, ब्रम्हदिक् एकेडेमी
हेटौंडा-४

# चुनाव रे !



✍दीपा न्यौपाने

चुनाव रे, गाँउभरी हल्ला छ,
चोकचोकमा भाषणको ठूलो बल्ला छ ।
हात मिलाउँदै मुस्कान छर्दैछन् ।
वाचा धेरै तर मन चलाउँदै छन् ।

हिजोसम्म नदेखिने अनुहारहरु
आज घरका ढोका ढकढकाउँदैछन्,
सपना रंगीन कागजमा पोतिएर
भोलिका आशा भुल्क्याउँदैछन् ।

तर, सोच आँखा चिम्लेर नगर,
मत भनेको शक्ति हो आफ्नो
एकदिनको नभई, वर्षौंको बाटो हो
भविष्य लेख्ने कागज हो आफ्नो ।

चुनाव रे, सम्झ है साथी,
औंलाको मसी मात्र होइन त्यो,
आवाज हो तिम्रो, अधिकार हो तिम्रो,
देश बनाउने अवसर हो त्यो ।

*कक्षा-११ (विज्ञान संकाय), मकानपुर बहुमुखी क्याम्पस, हेटौंडा-२*

# मेरो गाउँको राजनीति



✍आयुष कुमार यादव

(म आयुष कुमार यादव मधेश प्रदेशको रौतहट जिल्लाको बौधीमाई नगरपालिका-१ को स्थायी बासिन्दा हुँ । म आफ्नो गाँउको राजनीति माथि लेखिएको मनोवाद हो। हाम्रो मधेश प्रदेशको गाउँहरूको अवस्था यस्तै नै हो ।)

म एउटा सानो गाउँबाट हजारौं सपना बोकेर सहरमा आएको थिएँ। म अहिले आफ्नो गाउँ फर्किंदा गाउँको अवस्था पहिलेको जस्तो नै छ । गाउँमा चुनाव आउनु भनेको चार्डपर्व नि हो । यहाँबाट नेताहरु जितेर जान्छन् तर विकास गर्नका लागि होइन, आफ्नो स्वार्थ पूरा गर्नका लागि हो। विकासको वादहरु कागजमा मात्र हुन्छ। यहाँ नेताहरु जनताका लागि चुनाव लड्दैनन्, जनताहरू नेताका लागि लड्छन्। हाम्रो पार्टीको नेता जित्छ कि जित्दैन भनेर लड्छन् । गाउँको मान्छेलाई चिन्ता हुँदैन शिक्षा र स्वास्थ्य कहिले पाउँछ ? तर यसको चिन्ता धेरै छ कि हाम्रो पार्टीको नेता हार्छ भन्ने ।

तर यस्तो होइन कि यहाँ शिक्षा पाउँदैन । पाउन त पाउँछ तर शिक्षाको नाम आधारभूत विद्यालय हो तर पढाई हुँदैन भ्रष्टाचार हुन्छ। कक्षा-५ मा पढ्नै विद्यार्थीलाई आफ्नो परिवारमा भएको सदस्यको नाम लेख्न जान्दैन । यहाँ स्वास्थ्य पनि छ तर औषधी पाउँदैन। इमर्जेन्सी परेको बेला वीरगंज लैजाँदासम्म मान्छेको मृत्यु हुन्छ ।

हाम्रो गाउँ धेरै पछाडि परेको छ कि नेताहरु भन्दा बढी हाम्रो गल्ती हो । हामी प्रश्न सोध्नु भन्दा बढी नाराहरू बोक्छौं । यसले गर्दा अब हामी आफ्नो स्वास्थ्यका लागि होइन हाम्रो गाउँका लागि नयाँ सोच, विचार भएको व्यक्तिलाई भोट हाल्न सके हाम्रो गाउँ आफैं विकास हुन्छ । हामीलाई स्मार्ट सिटी चाहिएको होइन स्मार्ट गाउँ चाहिएको हो ।

*कक्षा-१२, प्रगति मावि, हेटौंडा-९*

# अबकी बार बालेन सरकार



✍सुमन राय

सहरको धुलोमा दबिएको सपना उठ्यो,
टुटेका बाटाहरूमा आशाको जून छुट्यो ।
थाकेका आँखाले फेरि उज्यालो देखे,
जब परिवर्तनको आवाज सडकमा लेखे ।

झुठा वाचा धेरै सुनेको थियो शहरले,
विश्वास हराएको थियो आफ्नै रहरले ।
त्यही बेला कसैले सत्य बोल्न हिम्मत गर्‍यो,
जनताको पीडालाई आफ्नै मनमा भर्‍यो ।

न त ठूला भाषण,
न त झुठो आशा,
काममै देखियो नयाँ नेपालको छाया ।
गल्ली-गल्लीमा आशा फेरि उम्रियो,
निराश मनभित्र साहस फेरि चम्कियो ।

अब डर होइन,
जिम्मेवारीको समय छ,
सपना पूरा गर्ने संघर्षकै लय छ ।
जनताको भरोसा कहिल्यै नटुटोस्,
यो शहर सधैं सत्यको बाटोमा छुटोस् ।

अबकी बार केवल नारा होइन आवाज हो,
परिवर्तन खोज्ने हरेक मनको राज हो ।
सहरले लेख्दैछ नयाँ इतिहास,
आज, अबकी बार, बालेन सरकार ।

*कक्षा-११, (विज्ञान संकाय) मकवानपुर बहुमुखी क्याम्पस, हेटौंडा-२*

# सातको राशिफल



पं. ज्यो. तोयानाथ सुवेदी
सम्पर्क : ९७४५०२८५५५

**मेष राशि**: घरायसी कामकारोबारमा केन्द्रित भइने छ । आर्थिक घाटाप्रति त्यति बलियो देखिँदैन । चुनौती र बाधा/अड्चनलाई दुर गर्न सकिने छ । वैदेशिक प्रयोजनका कामहरुमा मन जाला । आध्यात्मिक चिन्तनमा मन जाला । नयाँ कामको थालनी होला । पढाइ–लेखाइमा सफलता होला । यात्रा र भेटघाटमा समय बित्ला ।

**वृष राशि**: थोरै लगानीबाट पनि मुनाफा कमाइएला । सेवा चाकरीमा समय बित्ला । सामाजिक क्रियाकलापमा समय बित्नेछ । चिताएको काम बन्नेछ । घरायसी समस्याले सताउला र चिन्ता बढ्ने छ । कारोबारमा नयाँ गति होला । आत्मविश्वासमा वृद्धि होला । नयाँ विषयप्रति जागरुक भइएला । पढाइ ठिकै छ ।

**मिथुन राशि**: रचनात्मक क्रियाकलापमा समय बित्ला । व्यापार–व्यवसाय ठिकै छ । धनार्जनका नयाँ वैकल्पिक मार्गहरु देखापर्ने छन् । कर्मको प्रतिफल प्राप्त होला । सामाजिक एवम् धार्मिक कृत्यमा सरिक भइने छ । सेवामूलक काममा सरिक ।

**कर्कट राशि**: आफन्तको सहयोगमा काम होला । धनागमको नयाँ काम प्राप्त होला । नातागोतासँग भेटघाट होला । रोकिएका काम सम्पन्न होलान् । सामाजिक एवम् आध्यात्मिक क्षेत्रमा मन जाला । वैदेशिक यात्राबाट लाभ होला । घरायसी समस्या आउला । स्वास्थ्य समस्या हुनेछ ।

**सिंह राशि**: नयाँ कामका लागि मन जाला । रिस गर्नेहरु नतमस्तक बन्लान् । हाँके/ताकेका कामहरु बन्लान् । मन कमजोर हुने छैन । रिस रागबाट टाढा रहँदा राम्रो होला । आध्यात्मिक वा सामाजिक काममा मन जाने समय छ । बौद्धिक क्षेत्र ठिकै रहने छ । अध्ययन–अध्यापन ठिकै रहने समय छ ।

**कन्या राशि**: सामाजिक एवम् साँस्कृतिक काममा समय बित्ला । नौलो विषय वस्तुको ज्ञान प्राप्त हुनेछ । कामप्रति लगनशीलता बढ्ला । काममा अवरोध आइपर्ला । आध्यात्मिक कार्यमा मन जाने छ । व्यापार–व्यवसाय ठिकै रहने समय छ । स्वास्थ्य समस्या आउला ।

**तुला राशि**: व्यस्तताका बीचमा समय बित्ला । कर्मप्रतिका समर्पण बढ्ला । इष्टमित्रहरुले सहयोग गर्नेछन् । पद प्रतिष्ठा प्राप्त होला । धार्मिक काममा मन जाने छ । शारीरिक अस्वस्थता बढ्ने छ । अर्काका लागि समय दिनुपर्ला । व्यापार–व्यवसाय ठिकै छ । पढाइ–लेखाइ मध्यम छ ।

**वृश्चिक राशि**: व्यापार/व्यवसाय ठिकै रहला । साथी संगीको मद्धत लिँदा राम्रो रहन्छ । हाँके/ताकेका कामबाट लाभ होला । लक्ष्य र रणनीति कार्यान्वयन होला । आध्यात्मिक एवम् सामाजिक काममा मन जाने समय छ । पढाइ–लेखाइ ठिकै छ । वैचारिक मतभेद रहला । भेटघाटमा समय बित्ला ।

**धनु राशि**: ठूला मान्छेसँग उठबस होला । शुभ समाचार प्राप्त हुने समय छ । परोपकारी र सामाजिक काममा मन जाला । धर्म, अध्यात्ममा मन जानेछ । बौद्धिक क्षेत्र पनि सफल होला । अध्ययन–अध्यापन ठिकै रहला । व्यापार–व्यवसाय ठिकै देखिन्छ । स्वास्थ्य समस्याले सताउने समय छ ।

**मकर राशि**: जोखिम र संकटको समय छ । दुराशा र महत्वकांक्षा त्याग गर्दा राम्रो होला । संयमताका साथ अगाडि बढ्दा राम्रो रहन्छ । सामाजिक एवम् धार्मिक काममा मन जाला । बुद्धिको उपयोगले लाभ यात्रा र भेटघाटमा समय बित्ला । पढाइ–लेखाइमा सफलता होला ।

**कुम्भ राशि**: व्यापार–व्यवसाय ठिकै रहला । पारिवारीक र आत्मिक आनन्दका लागि समेत उचित समय छ । सेवामूलक काममा मन जाला । बिर्सने बानीले काममा बिलम्ब होला । बिवादले मन बिचलित होला । यात्रा र भेटघाटमा मन जाला । आध्यात्मिक र पढाइ–लेखाइ ठिकै छ ।

**मीन राशि**: सकारात्मक र व्यवहारिक सोचको विकास होला । ठूलाबडाको सुझाव पाइने छ । तर्क र बहसबाट टाढा रहँदा राम्रो रहला । सानातिना चिन्ताले सताउने छ । नयाँ करार र सम्झौतामा सरिक भइने छ । विपरीत लिङ्गीले सहयोग गर्लान् । सामाजिक एवम् धार्मिक काममा सरिक भइने छ ।

# चेतना भया



✍अनेक अर्याल

नेपाल मेरो सानो घर
हिमालको काखमा
विकास भएन यहाँ
भ्रष्टाचारको साथमा ।

एकातिर नेपाली श्रमिक
सातादिनै पसिना बगाउने
अर्कोतिर भ्रष्टाचारी
देशको गोजी सक्काउने ।

राजा रानी हटाई
खाली गर्‍यौं दरबार
दरबारमात्र खाली गर्‍यौं
छानेनौं राम्रो सरकार ।

विकासमा पछि पर्‍यो
हुन सकेन केही काम
असफल नेताले बदनाम गरे
नेपाल आमाको नाम ।

सुनौं सबै नेपाली
गरौं एउटा काम
नयाँ र राम्रो सरकार छानी
उचालौं नेपाली शान ।

एकदिने मासुभातले
गर्दैन केही अवश्य
पत्रमात्र हैन मत
देशको हो भविष्य ।

पार्टीको झोला नउठाई
उचालौं झण्डा नेपालको
राम्रो होस् निर्वाचन
आउने यो सालको

*कक्षा-९, नवोदय शिशु सदन, हेटौंडा-४*

## गाउँखाने कथा

१. घोडा जस्तो छ घोडा होइन, भारी बोक्छ भरिया होइन ।
- गधा

२. खाने बेलामा आई सानी, थाल अगाडि भुन्टी नानी ।
- पानी खाने भाँडो

३. चारैतिर मरुभूँमी बीचमा कञ्चन पानी, शुभ फल ठानी यसलाई खान्छन् मीठो मानी ।
- नरिवल

४. चिसो तातो ठिक्क होस् मीठो मीठो खान्छु, जन्तीहरु बसी हेर्छन् स्वाद लिँदै जान्छु ।
- जिब्रो

५. भित्ता, कोठामा थुनिएछन् कसका छोराछोरी, जता हुन्छ उतै हेर्छन् कस्ता मोरामोरी ।
- तस्वीर

# मुक्तक



✍अजिता ओझा

चोखो मायाको बीचमा ल्याएपछि जातभात कुरै मिलेन
सर्वस्व ठानी सुम्पिँदा जीवन गर्न खोज्यौ घात कुरै मिलेन
जसोतसो तिमीलाई भुल्न अब यहीँ भनेर चित्त बुझाउँछु
म पूर्णिमाको जुन जस्ती तिमी औंसीको रात कुरै मिलेन

*निजगढ-८, बारा*

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं।
समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

वास्तु किन चाहिन्छ ?
Scientific & Modern
तरिकाबाट वास्तु गर्न चाहनुहुन्छ ?
❖ पन्चतत्व सन्तुलित राख्न,
❖ वास्तुदोषबाट हुने हानी/नोक्सानीबाट जोगिन,
❖ घर/जग्गाबाट लाभ/हानी थाहा पाउन,
❖ गृहस्थी जीवन सन्तुलन राख्न,
वास्तु घरको मेरुदण्ड हो, यसले पञ्चतत्व (अग्नी, आकास, जल, वायु र पृथ्वी) सन्तुलन गर्दछ ।
❖ वैदिक वास्तुमा आधारित रहेर Scientific & Modern Vastu गराउँदा, बनी सकेको घरको तोडफोड नगरिकन वास्तुदोष निवारण गर्न सकिन्छ ।
तपाईको जन्म मिति र मोबाईल नम्बरबाट शुभ अंक निकाल्न र अंकको प्रभावबाट सकारात्मक परिवर्तन ल्याउन चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस् ।
निशूल्क परामर्श
❖ Mobile Numerology,
❖ Crystal Remedy
Contact :
Sanukajis Ghalan
9766120056
9824224095

के तपाई आफ्नो व्यवसायको विज्ञापन गरेर व्यावसायिक प्रवर्द्धन गर्न चाहनुहुन्छ ? यदि त्यसो हो भने सम्पर्क गर्नुहोस् ०५७-५२६८३०

# ढल्यो अहंकारको आसन



काठमाडौं : चारपटक प्रधानमन्त्री बनिसकेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली फराकिलो अन्तरले पछाडि परेका छन् । चुनावी नतिजाको प्रवृत्ति हेर्दा उनले जित्ने स्थिति देखिँदैन । अर्थात् राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का वरिष्ठ नेता बालेनले ओलीलाई उनकै निर्वाचन क्षेत्र झापा-५ बाट हराउँदैछन् । ओली मात्र होइन, उनको दल एमालेले समेत सर्मनाक पराजय बेहोर्दैछ ।

सार्वजनिक नतिजाको रुझान हेर्दा रास्वपाले सहज बहुमत पाउँदैछ, र बालेन लगभग प्रधानमन्त्री बन्दैछन् । काठमाडौं महानगरका मेयरबाट राजीनामा दिएर राजनीतिमा होमिएका बालेनलाई रास्वपाले प्रधानमन्त्रीको उम्मेदवार घोषणा गरिसकेको छ । भावी प्रधानमन्त्रीका उम्मेदवार बनेरै बालेनले देश दौडाहा गरेका थिए भने ओलीलाई हराउने भनेरै झापा-५ गएका थिए । बालेन झापा जाँदा ओली निर्वाचन अघि नै रक्षात्मक देखिएका थिए । तर पनि एमालेले ओलीलाई नै भावी प्रधानमन्त्री घोषणा गरेर निर्वाचनमा गएको थियो । नतिजामा भने इतिहासमै कमजोर अवस्थामा एमाले पुग्ने देखिन्छ ।

प्राध्यापक कृष्ण खनाल, ओलीले आफैले नबुझेपछि जनताले जबर्जस्त फालिदिएको बताउँछन् । 'ओलीले जेनजी आन्दोलनको विपक्षमा मत लिन खोज्नुभयो, कांग्रेस र नेकपाका उम्मेदवारहरूले पनि त्यही गरे, अहिलेको परिणाम त्यही हो,' खनालको विश्लेषण छ, 'यो नतिजा उत्तरदायी राजनीति नगर्नुको परिणाम पनि हो । यसलाई मैले स्वभाविक रूपमा लिएको छु।' जेनजी आन्दोलनलाई ओलीले अस्वीकार गरेका थिए । 'देश जलाउने र देश बनाउने' बीचको लडाइँ भनेर एमालेले जेनजी आन्दोलनको विपक्षमा उभ्याएको थियो । जेनजी आन्दोलन दबाउने सरकारमा प्रधानमन्त्री रहेका ओलीले जेनजी आन्दोलनको विपक्षमा पार्टीलाई उभ्याउनुको पछाडि उनले राजनीतिमा आफ्नो औचित्य कायम राख्न खोजेको प्रष्ट थियो ।

पार्टी विधान नै बदलेर तेस्रोपटक एमाले अध्यक्ष बन्न पनि ओलीले जेनजी विद्रोहलाई 'विदेशी षडयन्त्र' भन्ने भाष्य स्थापित गरेका थिए । एमालेमा ओलीको विकल्प खोज्नेहरूलाई नराम्रोगरी पराजित गरेर सिंगो पार्टीलाई जेनजी आन्दोलनको विपक्षमा उभ्याउने वातावरण निर्माण गरिएको थियो । पार्टीभित्र स्थापित गरेको भाष्य सहित निर्वाचनमा होमिएका ओलीले जेनजी आन्दोलनका शहीदका परिवार र घाइतेप्रति सामान्य सम्बोधन समेत जरुरी ठानेका थिएनन् । बरू अरु दलका नेतहरुलाई समेत जेनजी आन्दोलनका विरुद्ध उभिने वातावरण निर्माण गरेका थिए । निर्वाचनको नतिजा जेनजी आन्दोलनको पक्षमा आउँदैछ ।

प्राध्यापक डा. खड्क केसी यो निर्वाचनले २३-२४ भदौको जेनजी आन्दोलनलाई अनुमोदन गरेको बताउँछन् । लगातार राज्यसत्ताको नेतृत्वमा बसेका दलका शीर्ष नेताहरूले आफूले पाएको मतको दुरूपयोग गर्दा आजको परिणाम आएको र यो स्वाभाविक भएको उनी बताउँछन् । 'पुराना दलहरूले राज्य सत्ताको दुरुपयोग गर्दा जनतामा देखिएको असन्तुष्टि र आक्रोशको परिणाम हो, यो,' डा.केसीले भने, 'हामीले पहिले विचार प्रधान राजनीति गर्दै आएका थियौं । जनता पनि विचारका आधारमा विभाजित थिए । तर परिस्थिति फेरिएर सहभागितामुलक राजनीतिक संस्कारतिर मुलुक गएको जस्तो देखिन्छ । तर त्यो कुरालाई पुराना पार्टीका नेतृत्वले बुझेनन्, ओलीले बुझ्नुभएन ।'

प्राध्यापक खनाल यो निर्वाचनको नतिजालाई भुइँतहका जनताले गरेको विद्रोह मान्छन् । उनका अनुसार, २०४८ सालमा एमाले र ०६४ सालमा माओवादीलाई सहयोग गरेका सुकुम्बासी, मजदुर, किसान र समाजको भूइँतहका नागरिकले यसपटक रास्वपालाई समर्थन गरे । 'यसो हुनुको परिणाम जनतासँग गरेको प्रतिबद्धता दलहरूले पुरा गर्न नसक्नु नै हो, त्यसको नेतृत्वमा केपी शर्मा ओली थिए,' खनाल भन्छन्, 'ओली जसरी जान पर्थ्यो, त्यसैगरी गए ।'

## 'अलोकतन्त्र र 'अहमको शासन

एकपटक प्रमुख पदमा पुगेपछि आजीवन नेतृत्व नछोड्ने नेताहरुको प्रवृत्ति विरुद्ध जनताले विद्रोह गरेको रुपमा पनि यो निर्वाचनलाई बुझ्नुपर्ने विश्लेषकहरू बताउँछन् । 'कार्यकर्ताले निश्चित अवधिका लागि मात्र पठाए पनि नेतृत्वले अधिकतम अधिकार पाउनपर्छ भन्ने कुरालाई नयाँ पुस्ताले उल्टाइदिएका हुन्,' प्राध्यापक.डा. केसी भन्छन् ।

यो निर्वाचनको प्रमुख एजेण्डा 'नयाँ भर्सेस पुरानो' बन्नु र ओली सहितका नेताहरुले आजीवन नेतृत्वमा रहन गरेको अलोकतान्त्रिक गतिविधिहरु हेर्दा पनि विश्लेषक केसीको विश्लेषण पुष्टि हुन्छ । कक्षा नदोहोऱ्याउने, पार्टीको लोकतान्त्रिकरण गर्ने र पुस्तान्तरणको एजेण्डा लिएर एमाले अध्यक्षमा निर्वाचित ओलीले आफू अध्यक्ष रहिरहनु पार्टी विधानकै संशोधन गर्नेदेखि फरक मत राख्ने नेताहरु निस्कासन गर्नेसम्मको नीति अख्तियार गरेका थिए । पार्टी संस्थापकहरू झलनाथ खनाल, माधव नेपालदेखि भीम रावल, घनश्याम भूसालहरू समेत एमालेमा रहन नसक्ने परिस्थिति उनीहरुले ओलीलाई गरेको प्रश्नकै कारण सिर्जना भएको थियो ।

पार्टीमा आफ्ना एसम्यान नेताहरुको भीड बढाउँदै लैजाने र फरक मत राख्नेलाई कार्बाही गर्ने प्रवृत्तिले प्रोत्साहन पाउँदा 'ओलीबिनाको एमाले असंभव' भन्ने डक्ट्रिन नै सिर्जना गरिँदै थियो । 'नेतृत्वबाट भएका गल्तीहरु सच्याउनुपर्छभन्दा ओली बिनाको एमाले असम्भव भन्ने नारा लगाइयो । ओलीका गल्तीहरूलाई नै पार्टीको नीति हो भन्न थालियो,' एमालेका एक नेता भन्छन्, 'यस्तो अहंकारयुक्त नेतृत्वविरुद्ध जनताले रेकर्डेड देखाएको रुपमा बुझ्नुपर्छ ।' २०७२ साल यताको दश वर्षमा चारपटक गरी ओली ६ वर्ष प्रधानमन्त्री भएका थिए । तर कुनैपनि कार्यकाल विवाद रहित थिएन । ओलीले भने आफ्नो सत्तापतनलाई सधैं विदेशीको चलखेल भन्दै आएका छन् ।

कतिसम्म भने २०७४ सालको निर्वाचनबाट प्राप्त दुई तिहाइको सरकार जोगाउन नसक्दा उनले आफ्नै पार्टीका नेताहरुलाई विदेशी एजेन्टको आरोप लगाएका थिए । आन्तरिक विवाद मिलाउन नसकेर नेकपा फट्ने वातावरण ओलीले ५ पुस २०७७ मा असंवैधानिक प्रतिनिधि सभा विघटनको निर्णय लिएकै कारण निर्माण भएको थियो ।

तर, अरू दलहरुले पनि ओलीकै जस्तो गल्ती गरिरहे । सत्ताकै लागि जे पनि गर्ने प्रवृत्ति कांग्रेस, माओवादी लगायत दलहरुमा पनि देखियो । त्यसविरुद्ध मतदातामा आक्रोश देखिन थालेको ०७९ कै निर्वाचनमा हो । कांग्रेस नेतृत्वको पाँच दलीय गठबन्धन र एमाले-जसपा-राप्रपा गठबन्धन विरुद्ध रास्वपा सहितका नयाँ शक्तिहरुले अप्रत्यासित मत पाएका थिए । त्यही वर्षको निर्वाचनमा गठबन्धनका उम्मेदवारविरुद्ध स्वतन्त्र उम्मेदवारी दिएरै काठमाडौंमा बालेन, धरानमा हर्क साम्पाङ, धनगढीमा गोपी हमालहरुले मेयर जितेका थिए । त्यही निर्वाचनका नयाँ विद्रोही शक्ति यो निर्वाचनमा हाबी भएका छन् ।

एमालेमा यो तहको हविगत हुन सक्छ भन्ने आभास निर्वाचन अघि नै मिलेको एक शीर्ष नेता बताउँछन् । 'भोट माग्दै जाँदा एक जना पार्टीकै कार्यकर्ताले घण्टीमा भोट दिन्छु भन्नुभयो,' ती नेताले सम्झिए, 'मैले त्यसो नगर्नुस् भन्दा उल्टै मलाई सम्झाउँदै उनले भने- विगतमा हलो, रुख र हसिया हडौथामा भोट हाल्न पार्टीले नै निर्देशन गर्थ्यो, यसपटक विवेकले घण्टीमा भोट हाल्दा के को कार्बाही ?' एमालेका अर्का नेता अब एमाले पुनर्गठनको विकल्प देख्दैनन् । 'केपी ओलीले जसरी अंहम र अलोकतान्त्रिक बाटो हिँड्नु भएको छ, पार्टी कब्जा कायमै राख्नपनि सक्छन्, तर अब मान्छेले पत्याउनेवाला छैन,' उनी भन्छन्, 'मतदाबाट बहिष्कृत नेताले जबर्जस्ती गर्न खोजे त्यसको प्रतिवाद दुखद् हुन सक्छ ।'

तर पार्टी र आन्दोलन जोगाउन पनि पुनर्गठन आवश्यक रहेको उनी बताउँछन् । 'जुन पार्टी सदस्यलाई आधार मानेर नेता चुनेका थियौ, ती सदस्यहरुले नै आज पार्टीलाई मत दिएनन् भने नेतृत्व पनि पुनर्गठनको माग हो,' उनी भन्छन् ।

*स्रोत : अनलाइनखबर ।*

# भ्रष्टाचार र बेथितिविरुद्ध मतदाताले बजाएको घण्टी

**कृष्ण ज्ञवाली/अनलाइनखबर**

काठमाडौं : डेढ वर्षअघि, प्रतिनिधिसभा बैठकमा नेपाली कांग्रेसका सांसद रामहरि खतिवडाले एउटा गम्भीर प्रश्न उठाए । ११ असार २०८१ मा उनले सदनमा पोखेको आक्रोश थियो- 'प्रधानमन्त्री पुष्पकमल दाहालको संरक्षणमा राजस्व अनुसन्धान विभागका महानिर्देशक चक्रबहादुर बुढाले व्यापारीहरूसँग पैसा उठाइरहेका छन् ।'

त्यसको दुई सातापछि दाहाल नेतृत्वको सरकार ढल्यो, कांग्रेसको समर्थनमा केपी शर्मा ओलीको नेतृत्वमा सरकार बन्यो । तर, ती महानिर्देशक राजस्व अनुसन्धान विभागमै रहे, आफ्नो दल सत्तामा पुगेपछि खतिवडाले महानिर्देशक बुढामाथि प्रश्न उठाएनन्, चुप बसे । नयाँ बनेको सरकार पुरानो बेथितिमाथि मौन बस्यो । दाहाल प्रधानमन्त्री भएपछि उनकी छोरी गंगा दाहाल स्वकीय सचिव भइन् । अनेक शंकास्पद व्यक्तिसँगको भेटघाट र सन्दिग्ध गतिविधिमाथि प्रश्न उठ्यो । त्यसपछि ओलीले छोरी गंगालाई सचिवालयबाट अलग गरेको घोषणा गरे । तर, संसद्मा पर्याप्त प्रश्न उठेन, तैं चुप, मै चुप भयो ।

ओली सरकारमा अजयकुमार चौरसिया कानुनमन्त्री थिए । अदालतमा विचाराधीन मुद्दाबारे दबाब दिन न्यायाधीशहरुलाई खुलमखुला फोन गराउन उनले तराईतिरका न्यायाधीशहरूलाई आतंकित नै बनाएका थिए । रौतहट बम प्रकरणमा मोहम्मद आफताब आलमले सफाइ पाउँदा भएको चलखेलमा उनको पनि नाम जोडियो, तर आफ्ना मन्त्रीमाथि आचरणमा प्रश्न उठेका बेला प्रधानमन्त्री केपी शर्मा ओलीले कुनै 'एक्सन' लिएनन् । हुन त घुस प्रकरणमा मुछिएका मन्त्रीद्वय राजकुमार गुप्ता र बलराम अधिकारीलाई पनि ओलीले सकेसम्म जोगाएकै थिए ।

विमानस्थलस्थित अध्यागमन कार्यालयबाट नागरिकहरूलाई भिजिट भिसामा विदेश पठाउँदा असुलीधन्दा चलाएको र त्यसबापत हुने आर्थिक लाभ गृहमन्त्री रमेश लेखकसम्म पुगेको भनी संसद्मै प्रश्न उठ्यो । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सांसदहरूले लेखकको राजीनामा मागे । प्रधानमन्त्री ओलीको प्रभावमा परेका सभामुखले संसद्मा विपक्षीको आवाज कायम रहन दिएनन् भन्ने आरोप लाग्यो । विपक्षीले प्रश्न गरिरहेका बेला जबरजस्ती संसद् बैठक अघि बढाउनु गलत थियो भनी उनीमाथि प्रश्न नउठेको होइन । अन्ततः लेखकमाथिको प्रश्न गुपचुप पारियो । सरकारले विवादास्पद पृष्ठभूमिका पूर्वमुख्यसचिव शंकरदास बैरागीको नेतृत्वमा समिति बनायो । र, अख्तियारले पनि अनुसन्धानलाई गति दिएन । जेनजी आन्दोलनपछि मात्रै सहसचिव तीर्थराज भट्टराई लगायतलाई त्यो घटनामा मुद्दा चलाइएको छ । अख्तियारको दाबीमा, पूर्वमन्त्री लेखकमाथि अनुसन्धान चलिरहेको छ ।

विगतका बेथिति भुल्ने हो भने पनि मंसिर २०७९ को प्रतिनिधिसभा निर्वाचनपछिका तीन वर्षमा प्रमुख तीन दल सत्तामा रहँदा नीतिगत तहको संलग्नतामा भएका अनियमितता र बेथितिको लामो फेहरिस्त बन्छ । माओवादी केन्द्र, एमाले र कांग्रेसले आपसमा मिलेर पालैपालो गठन गरेका सरकारका पालामा अनेक अनियमितता भए । तर, न प्रतिपक्षी दलले बेथितिमाथि प्रश्न उठाउन सके, न संसद्मा नै प्रभावकारी खबरदारी भयो । तीन वर्षमा उनीहरूका गतिविधि र विकृति जनताको नजरमा भ्रष्टाचार नै थिए । यत्ति हो कि, सडक र मतमार्फत प्रकट भएको थिएन ।

'स्थापित पुराना दलहरूमा नराम्रा र भ्रष्ट नेताहरु हावी भए, राम्रा र आशलाग्दा नेताले ती पार्टीमा पकड जमाउन सकेनन्,' चिकित्सा शिक्षामा फैलिएको बेथितिबारे आवाज उठाइरहेका डा. गोविन्द केसी भन्छन्, 'जनतामा त्यो प्रवृतिविरुद्ध निकै वितृष्णा भएको रहेछ, मतपेटिकामा त्यसैको आक्रोश पोखेका हुन् ।'

### बेथिति आडमा बेथितिकै मलजल

२ सय ७५ सिटको प्रतिनिधिसभामा माओवादी केन्द्रलाई जनताले ३२ सिट दिनुको सोझो अर्थ प्रतिपक्षमा पठाउनु हो । तर, आफूसँग म्याजिक नम्बर भएको दाबी गर्दै प्रचण्ड प्रधानमन्त्री मात्रै बनेनन् । २३ सदस्यीय मन्त्रिमण्डलमा चार जना उपप्रधानमन्त्री बनाएका थिए । कतिसम्म भने, भ्रष्टाचार मुद्दा खेपिरहेका र स्वार्थको द्वन्द्व हुने राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सांसद विक्रम पाण्डेलाई सहरी विकासमन्त्री बनाएर प्रचण्डले 'सुशासन सुरुवात' गरेका थिए । जनताले महसुस गर्ने गरी सेवा प्रवाह रूपान्तरण गर्ने घोषणा गरेका उनको सत्ता हनिमुन नै फिका भएको थियो ।

सत्तामा टिकिरहन दाहालले कहिले कांग्रेसलाई सत्तामा ल्याएर एमालेलाई बाहिर पठाउने त कहिले एमालेलाई सत्तामा ल्याएर कांग्रेसलाई बाहिर धकेल्ने गरिरहे । विगतमा नै लडाकुहरूको भत्ता बाँड्दा अनियमितता भएको आरोप खेपिरहेका उनले अयोग्य लडाकुलाई २ लाखका दरले दिने अर्को विवादास्पद निर्णय गरेका थिए । विरोध भएपछि मात्रै त्यो रोकिएको हो । राजनीतिक दलहरू कतिसम्म आ-आफ्नो स्वार्थमा केन्द्रित थिए र मुलुकका मुलभूत एजेन्डामा चिन्तित थिएनन् भन्ने उदाहरण हो- तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराको महाभियोग ।

अघिल्लो कार्यकालमै महाभियोग लागेपछि प्रतिनिधिसभाले न उनलाई दोषी ठहर गऱ्यो, न उनीविरुद्धको प्रतिवेदन अस्वीकार नै गऱ्यो । मुलुकको न्यायपालिका प्रमुखमाथि लागेको संगीन आरोपमा मौन बनेर सांसदहरूले जनप्रतिनिधिमूलक थलोलाई निकम्मा बनाइरहेका थिए । अहिलेसम्म पनि त्यो प्रस्ताव र प्रतिवेदन प्रतिनिधिसभामा अलपत्र छ ।

### बिचौलिया बिगबिगी

नेपाल टेलिकमका एक उच्चपदस्थ अधिकारीले टेलिकमको बिलिङ ठेक्कामा कांग्रेस सभापति शेरबहादुर देउवाकी पत्नी आरजु राणा, उनका छोरा जयवीर संलग्न भएको र त्यसक्रममा सञ्चार सचिव डा. बैकुण्ठ अर्याल समेत संलग्न भएको भनी अख्तियारमा अडियो टेपसहित उजुरी बुझाए । तर, अख्तियारले उनीहरूमाथि अनुसन्धान गरेन । बरु सत्ता साझेदार देउवापत्नीको दबाबमा प्रचण्डले तिनै अर्याललाई अवकाश हुनुभन्दा दुई दिनअघि मुख्यसचिव बनाए । आफू सत्तामा भएका बेला निजामती प्रशासनको अविभावक समेत मानिने मुख्यसचिवमाथि भ्रष्टाचार मुद्दा चल्दा प्रचण्डले कुनै प्रतिक्रिया दिएनन्, नैतिकताको अपेक्षा त टाढाको कुरा भयो ।

भ्रष्टाचारका घटना लुकाउनेदेखि अपराधमा संलग्नलाई उन्मुक्ति दिने श्रृङ्खलाबद्ध क्रियाकलाप भएका थिए । नेपालगञ्जमा खुँडा प्रहार गरेर व्यक्तिहत्या गर्ने रिगल ढकाललाई कैदमुक्त गर्दा तत्कालीन गृहमन्त्री नारायणकाजी श्रेष्ठले कुनै जिम्मेवारी लिएनन्, रक्षामन्त्री पूर्णबहादुर खड्का पर्दा पछाडि खेलेका थिए । धनराज गुरुङ अघिल्लो पटक निर्वाचित हुँदा धाँधली गरेको आरोप लागेको थियो । आफू कानुनमन्त्री बनेपछि उनले निर्वाचनका बेला निर्वाचन अधिकृतलाई प्रक्रिया मिचेर जिल्ला न्यायाधीश बनाए । त्यतिबेला विपक्षीहरु मौन थिए, संसद्रुमा कुनै प्रश्न गरेनन् । हो, ठिक त्यही बेला नक्कली शरणार्थी प्रकरण सतहमा आयो । नेपालीलाई नक्कली शरणार्थी बनाएर विदेश पठाउने त्यो घटनामा पूर्वगृहमन्त्री बालकृष्ण खाँडदेखि पूर्वउपप्रधानमन्त्री टोपबहादुर रायमाझी अनुसन्धानको दायरामा परे । र, मुद्दा पनि चल्यो ।

तर, त्यही घटनामा नाम मुछिएका आरजु देउवामाथि कुनै अनुसन्धान भएन, खाँडकी पत्नी मञ्जुमाथि सोधपुछसम्म गरिएन । अनि, आरोपितहरूले पैसाको थैलो गाडीमै लगेर हालिदिएको भनी बयान गर्दासमेत अख्तियार प्रमुख प्रेमकुमार राई अनुसन्धानमा तानिएनन् । सत्तामा रहेका दलका नेताहरूले राजनीतिक दबाब र प्रभावमा अनुसन्धान प्रभावित पार्ने प्रयास त गरे नै, मुद्दा खेपिरहेका नेताहरूलाई छुटाउन न्यायालयसम्म कसरी दबाब दिएका थिए भन्नेबारे जनता बेखबर थिएनन् । कांग्रेस सभापति शेरबहादुर देउवाले बालकृष्ण खाँडलाई थुनामुक्त गराउन न्यायालयभित्र गरेको चलखेलको प्रयास कतै छिपेको थिएन । ठिक त्यति नै बेला 'बेचन झा' पक्राउ परेपछि एकाएक राजनीतिक घटनाक्रम विकसित भयो । कांग्रेस सभापति देउवा दम्पती बालकोट पुगे र केपी शर्मा ओलीलाई प्रधानमन्त्रीमा समर्थन गर्न तयार भए । त्यसपछि संसद्का दुई ठूला दलबीच समीकरणमा झन्डै दुई तिहाइको सरकार बनेको हो ।

विगतका कयौँ घटनाले आमनागरिकलाई आक्रोशित बनाएको थियो । कोरोना महामारीका बेला स्वास्थ्य सामग्री खरिद विवादमा मुछिएका मन्त्री भानुभक्त ढकाल पशुपति जलहरी प्रकरणमा पनि जोडिएका थिए, तर सत्ताको आडमा उनी अनुसन्धानमा परेनन् । प्रधानमन्त्री केपी शर्मा ओलीको अघिल्लो कार्यकालको गिरीबन्धु टि स्टेट्स प्रकरण पनि सतहमा आयो, जुन नीतिगत भ्रष्टाचारको नमुना थियो, तर राज्यका अरू निकायबाट अनुसन्धान हुन सकेन । संसद्मा प्रश्न उठाउनेहरूले त्यसलाई औपचारिक विरोधको माध्यम मात्रै बनाए, निष्कर्षमा पुऱ्याउन सकेनन् । पूर्वसचिव शारदाप्रसाद त्रितालको विचारमा आमजनमानसमा काठमाडौं महानगर पालिकाका मेयर बालेन साहलाई तत्कालीन सरकारले काम गर्न अवरोध गरेको छाप परेको थियो । रवि लामिछाने विरुद्धको मुद्दामा उनीहरूले प्रतिशोध देखेरै ४० लाख जनाको हस्ताक्षर संकलन गरेको उनी बताउँछन् । 'जनतामा फैलिएको आक्रोश सत्तामा बस्नेहरूले नजरअन्दाज गरेको स्पष्टै देखिन्थ्यो, किनभने उनीहरू उन्मत्त भएका थिए,' पूर्वसचिव त्रिताल भन्छन्, 'यो नतिजाले उनीहरूको आँखा खोलिएको हुनुपर्छ ।'

### भ्रष्टाचार संरक्षण

त्यतिबेला सत्ता संरक्षण हुँदैनथ्यो भने पूर्वमन्त्रीहरू ज्ञानेन्द्रबहादुर कार्की, गोकुल बास्कोटा, मुख्यसचिव डा. बैकुण्ठ अर्यालले टेरामक्स अनियमितता भ्रष्टाचार मुद्दा खेप्नुपर्थ्यो । तर, केपी शर्मा ओली नेतृत्वको सरकारले सत्ता साझेदार कांग्रेसका नेताहरुलाई अप्ठेरो पर्ने परिस्थिति आउन दिएन । अख्तियारमै हस्तक्षेप गरेर अनुसन्धानलाई 'प्यारालाइज' गरिदियो । चौतर्फी प्रश्न खेप्न थालेपछि मात्रै अख्तियारले मोहनबहादुर बस्नेत लगायतमाथि मुद्दा चलाएको हो । अरूलाई संरक्षण गरिएको तर आफूलाई मात्रै मुद्दा चलाउन खोजिएको भनी कांग्रेस सांसद बस्नेतले त्यतिबेला प्रतिनिधिसभामै आक्रोश पोखेका थिए ।

नेपाल वायुसेवा निगमको वाइड बडी जहाज खरिद प्रकरणमाथि यथार्थपरक अनुसन्धान भएको भए सटही सुविधाको निर्णय गर्ने शेरबहादुर देउवा पनि अनुसन्धानको दायरामा तानिने थिए । तर, एकअर्काको बेथितिमा 'तैं चुप, मै चुप' गर्ने स्वभाव देखाएका प्रमुख तीन शीर्ष नेताले एकअर्कामाथि राज्यतहबाट अप्ठेरो पर्ने काम गरेनन् । अख्तियारमा अडियो सहित उजुरी पर्दा पनि नेपाल टेलिकमको बिलिङ प्रकरणमा आरजु देउवा र छोरा जयवीरमाथि अनुसन्धान नहुनु प्रमाणको अभाव होइन, राजनीतिक संरक्षण नै मुख्य कारण थियो ।

## *पारदर्शिता र...*

विकास गर्नुपर्ने भएकोले उनीहरुलाई चुनौतीको चाङ देखिएको काफ्लेको भनाइ छ । जनमतले राज्यको शासनमा पारदर्शिता, कार्यक्रम डेलिभरी खोजेको देखिएको र स्थिर शासन हुन्छ भन्ने अपेक्षा राखेको पनि उहाँले बताउनुभयो ।

राष्ट्रिय कृषक समूह महासंघका केन्द्रीय महासचिव महानन्द सापकोटाले अब बन्ने सरकारले स्पष्ट भिजन, योजना र त्यसको प्रभावकारी कार्यान्वयनका लागि नीति निर्माणमा जोड दिनुपर्ने बताउनुभएको छ । यसअघिका सरकारले निर्वाचन घोषणापत्रमा गरेको प्रतिबद्धता पूरा नगरेका, बेरोजगारी समस्या समाधानका लागि कुनै ठोस कदम नचालेकोजस्ता कुराले युवाहरुमा वितृष्णाका कारण पनि जनताले मत परिवर्तन गरेकाले निर्वाचित सरकारले यस विषयमा ध्यान दिनुपर्ने उहाँको सुझाव छ ।

उहाँले २०७४ देखि २०७९ सम्म सरकारहरुले गरेका काम राम्रै देखिएको भएता पनि पछिल्लो समय भने जनता सरकारका गलत अभ्याससहरुबाट आजित भएको उहाँको बुझाइ छ । उहाँले कृषि क्षेत्र देशको आर्थिक विकासको प्रमुख खम्बा भएकोले कुनै विशेष क्षेत्रलाई विशेष कार्यक्रमभित्र राखी कार्यान्वयन गर्न उहाँको सुझाव छ । कृषिलाई आधुनिकीकरण तथा उत्पादित वस्तुलाई सहजरुपमा उपभोक्तासम्म पुऱ्याउन बजारीकरणका कार्यक्रम सञ्चालन गर्न पनि उहाँको सुझाव छ । अबको सरकारले सरोकारवालासँग समन्वय गरी स्पष्ट भिजन तथा नीति तय गरेर कृषिलाई प्राथमिकता दिनुपर्नेमा सापकोटाले जोड दिनुभएको छ ।

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ